# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN
BROADCAST: 18:40 hrs     Date: 13.04.2025

## CM Ravangla
दक्षिण सिक्किमको नाम्ची जिल्ला अन्तर्गत राभाङलामा जारी डिस्कभर राबोङ छोजो उत्सवको तेस्रो दिन आज राज्यका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आकास्मिक भ्रमण गर्नुभयो।
मुख्यमन्त्री श्री तामाङले उत्सवमा आयोजना भइरहेको प्रथम मुख्यमन्त्री स्वर्णकप भलिबल प्रतियोगिताको अवलोकन गर्नका साथै उच्च स्तरको प्रतिस्पर्धा र टोलीले देखाएको ऊर्जा, जुनून र प्रतिस्पर्धात्मक भावनाको प्रशंसा गर्नुभयो।
कार्यक्रममा अचानक मुख्यमन्त्री उपस्थित भइदिंदा मानिसहरूमा नयाँ ऊर्जा थपिएको थियो।
आजको कार्यक्रममा सिक्किम विधानसभा अध्यक्ष श्री एमएन शेर्पा, ग्राम प्रबन्धन एवम् सहकारी मन्त्री श्री अरुणकुमार उप्रेती, सडक एवम् पुल मन्त्री श्री एनबी दाहाल, क्षेत्र विधायक श्री रिकसल दोर्जी भोटियालगायत अन्यको उपस्थिति रहेको थियो।
यसभन्दा अघि, मुख्यमन्त्रीले आज नै गेजिङ जिल्लाको लोवर ओम्चुमा रहेको एकजना लघु उद्यमी श्री डम्बरसिंह राईको सोताङ रेस्टुराको भ्रमण पनि गर्नुभएको थियो।

## International Youth Conclave
दक्षिण सिक्किमको याङगाङमा भइरहेको पर्यटन विकासका लागि अन्तर्राष्ट्रिय युवा सम्मेलनको दोस्रो दिन स्थानीय अर्थतन्त्रमा पर्यटनको प्रभाव अनि सहासी, दीर्घमियादी तथा जिम्मेवार पर्यटनतर्फ अग्रसर याङगाङजस्ता विषयमा चर्चा परिचर्चा सम्पन्न भए। आज क्षेत्र विधायक एवम् सिक्किम विधानसभाकी उपाध्यक्ष श्रीमती राजकुमारी थापा मुख्य अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो।
हिजोदेखि शुरु भएको तीन दिवसीय यस पर्यटन सम्मेलनमा देशका विभिन्न 17 राज्य, तीन केन्द्रशासित प्रदेश अनि तीन देशका प्रतिनिधिहरूसहित राज्यका पर्यटन हितधारकहरूको बाक्लो उपस्थिति रहेको छ।
कार्यक्रममा आज मानसिक रोग अनि लागू पदार्थको दुर्व्यवसन विषय एउटा सचेतनात्मक कार्यक्रमको पनि आयोजना गरिएको थियो।

## Vaisakhi Gangtok
नेपाली साहित्य परिषद्, सिक्किमले नेपाली नयाँ वर्षको पूर्व सन्ध्यामा आज नेपाली साहित्य परिषद् भवनको प्रेक्षागृहमा वैशाखी पर्व 2082 को आयोजना गऱ्यो। परिषद्का अध्यक्ष श्री हरि ढुङ्गेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा श्री कमल काफ्लेले वैशाखीको महत्व र विशेषताबारे वार्ता प्रस्तुत गर्नु भएको थियो। कार्यक्रममा गीत, कविता, गजन वाचनसितै स्थानीय कलाकारहरूले नेपाली कालजयी गीतहरू प्रस्तुत गरेका थिए। यस अवसरमा साहित्यकार श्री विजय बान्तवाद्वारा लिखित साहित्य अकादेमी, नयाँ दिल्लीद्वारा प्रकाशित भारतीय साहित्यका निर्माता- भीम दाहाल नामक पुस्तक पनि विमोचन गरिएको थियो।

## Vaisakhi National
देशका विभिन्न भागमा आजदेखि नै पारम्परिक फसल उत्सव, नयाँ वर्ष एवम् वैशाखी मनाउन थालिएको छ। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु, उपराष्ट्रपति श्री जगदीप धनखड़ अनि प्रधानमन्त्री श्री नरेन्द्र मोदीले वैशाखीको अवसरमा देशवासीलाई शुभकामना दिनुभएको छ।

## Bhim Padyatra
भारत सरकारको युवा मामिला मन्त्रालयको निर्देशन अनुसार आज राजधानी गान्तोकमा जय भीम पदयात्राको आयोजना गरियो। बाबा साहेब डा. भीम राव अम्बेडकरको 134 औं जन्मजयन्तीको पूर्व सन्ध्यामा आयोजित यस पद यात्राको आयोजना राज्यको खेलकूद तथा युवा मामिला विभागले राज्यको राष्ट्रिय सेवा योजना एनएसएस र नेहरू युवा केन्द्र संगठनको सहकार्यमा गरेको थियो।

कार्यक्रमको उद्देश्य डा. अम्बेडकरको दृष्टिकोण विषय आम जनतामा जागरुकता सिर्जना गर्ने र युवाहरूलाई संवैधानिक मूल्य मान्यताहरू आत्मसात गर्न प्रेरित गर्नु रहेको थियो। पदयात्राको थालनी राज्यका खेलकुद तथा युवा मामिला मन्त्री श्री राजु बस्नेतको उपस्थितिमा सम्पन्न भएको थियो।

Weather Report

स्थानीय मौसम विज्ञान विभागले आज बेलुकी गान्तोक, गेजिङ, मंगन, नाम्ची, पाकिम अनि सोरेङ जिल्लाका कतिपय क्षेत्रमा मेघ गर्जनसहित वर्षा र हिमपात हुने बताएको छ। यसका साथै विभागले मानिसहरूलाई यस अवधिमा सुरक्षित रहन सुझाउ पनि दिएको छ। यसैबीच राज्यका उच्च हिमाली क्षेत्रमा व्यापक हिमपात भएको खबर पनि प्राप्त भइरहेका छन्।